NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

स.वि.द.नं.: ३१०/०४९/०५०

च.नं. ३८४/०६३/०८०

मितिः २०७९/१०/१९

सम्पूर्ण सहकारी संघ/संस्थाहरू

**<u>विषयः तेश्रो राष्ट्रिय सहकारी महासम्मेलनमा सहभागिता सम्वन्धमा।</u>**

उक्त सम्वन्धमा मुलुकको करिव एक चौथाई जनसख्या आवद्ध भएको सहकारी क्षेत्रले दुरदराजका आमसमुदायको वित्तिय पहुँच अभिवृद्धि, उद्यमशिलताको विकासमार्फत स्वरोजगार सिर्जना, गरिवी न्यूनीकरण, सामाजिक पूँजी निर्माण, क्षमता अभिवृद्धि तथा नेतृत्व विकासमा उल्लेख्य योगदान पुऱ्याउदै आएको छ। यसै अनुरूप संविधानले समेत सार्वजनिक तथा निजी सहित सहकारी क्षेत्रलाई अर्थतन्त्रको एक खम्बाको रूपमा स्वीकार गरेको छ। यस अभियानले हासिल गरेका उपलव्धीहरूलाई संस्थागत गर्दै भावी कार्यदिशा निर्दिष्ट गर्न यस महासंघ र भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको संयुक्त आयोजनामा प्रत्येक ५/५ वर्षमा राष्ट्रिय सहकारी महासम्मेलन गर्दै आएको व्यहोरा विदितै छ। यसै अनुरूप यस महासंघ र भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको संयुक्त आयोजनामा वि.सं २०७१ सालमा प्रथम राष्ट्रिय सहकारी महासम्मलेन र २०७४ सालमा दोश्रो राष्ट्रिय सहकारी महासम्मेलन ऐतिहासिक रूपमा सफलतापूर्वक सम्पन्न भएको व्यहोरा समेत स्मरण गराउन चाहान्छौं।

यसर्थ, कोभिड १९ महामारी र रूस युक्रेनविचको युद्धका कारण आपूर्ति श्रृखलामा अवरोध सिर्जना हुनाले विश्व अर्थतन्त्रका साथै नेपालको समग्र अर्थतन्त्रमा संकुचन आई सो को असर सहकारी क्षेत्रमा समेत परेको सन्दर्भमा यस अभियानलाई दिगो एवं मर्यादित वनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रोत व्यक्तिहरूबाट कार्यपत्र प्रस्तुती तथा वृहत छलफलमार्फत अभियानको भावी कार्यदिशा निर्दिष्ट गर्न **"सहकारीको दिगोपनाका लागि स्वनियमन तथा सुसासन"** भन्ने थिमका साथ आगामी २०७९ चैत्र २३ गतेदेखि २५ गतेसम्म याक एण्ड यति होटल, काठमांडौंमा **"तेश्रो राष्ट्रिय सहकारी महासम्मेलन"** को आयोजना गर्न लागिएको व्यहोरा सहर्ष जानकारी गराउन चाहान्छौं।

यसर्थ उक्त ऐतिहासिक कार्यक्रममा सहभागिताका लागि खल्तीमार्फत अनलाइन रजिष्ट्रेशन हुने व्यवस्था गरिएकोले खल्ती एप मार्फत रजिष्ट्रेशन गर्न गराउन हुन विशेष अनुरोध गर्दछौं। साथै कार्यक्रममा सहभागिताका लागि प्रति सहभागी शुल्क फाल्गुण मसान्तसम्म रू. १५,०००/र त्यसपछि रू. १७,०००/ रहेको व्यहोरा समेत जानकारी गराउदै समयमै सिट सुरक्षित गर्न हुन अनुरोध छ।

साथै, महासंघको वेवसाइड **www.ncfnepal.com.np** तथा सामाजिक संञ्जाल **facbook.com/ncf.nepal.9** मार्फत महासम्मेलनबारे विस्तृत जानकारी लिन सकिने व्यहोरा अनुरोध छ।

सदा झैं समन्वय र सहकार्यको अपेक्षा सहित सहकारी अभिवादन !

**रजिष्ट्रेशनका लागि**

**Link: http://kk5.io/KhaltiNCC**

(मिनराज कंडेल)
अध्यक्ष

Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu
+977-1-5010116, 5010033, 5010089
ncf@wlink.com.np, ncfcoop@gmail.com
www.ncfnepal.com.np